**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०२ फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- आज पश्चिम बंगाल सहित देशभरि बसन्त पंचमी- सरस्वती पूजा पालन गरिन्दैछ। राष्ट्रपति, प्रधानमन्त्री तथा पश्चिम बंगालकी मुख्यमन्त्री र राज्यपालले बधाई दिनु भएको छ।
- उत्तर बंगाल सहित राज्यका १७ विश्व विद्यालयहरूमा उपकुलपति चयन गर्ने मियाद २८ जनवरीको दिन समाप्त भएको छ।
- केन्द्रीय बजटको पहाड़ तराई र डुवर्सका मानिसहरूले स्वागत गरेका छन्।
- खरसाङको चानमारीमा खेलिएको शहीद कप फूटबल फाइनल दार्जीलिङ यूनाइटेड एफ.सी-ले जितेको छ।

**राष्ट्रपति-प्रधानमन्त्री बसन्त पञ्चमी**

आज देशभरि बसन्त पञ्जमी अनि सरस्वती पूजा बढो भक्तिभावपूर्वक पालन गरिँदैछ। राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमन्त्री नरेन्द्र मोदीले आज बन्सत पञ्चमी अनि सरस्वती पूजाको अवसरमा देशवासीलाई शुभकामना दिनु भएको छ। सोशल मीडियामा साझा गरेको एक सन्देशमा राष्ट्रपति मुर्मुले शिक्षा अनि ज्ञानसँग सम्बन्धित यो पर्वले देशवासीका लागि खुशी, समृद्धि अनि ज्ञान लिएर आओस् भन्ने कामना गर्नु भएको छ। आजको दिनको महत्त्वबारे उल्लेख गर्दै राष्ट्रपतिले भारत विश्वको ज्ञान केन्द्रको रूपमा स्थापित होस् भनी प्रार्थना गर्नु भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले पनि यस अवसरमा देशवासीलाई शुभकामना दिनु भएको छ।

पश्चिम बंगालकी मुख्यमन्त्री ममता व्यानर्जीले राज्यवासीलाई बसन्त पञ्चमी साथै सरस्वती पूजाको शुभकामना व्यक्त गर्नु भयो। यस पवित्र अवसरमा मुख्यमन्त्रीले एउटा गीत पनि साझा गर्नु भएको छ। राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमन्त्री नरेन्द्र मोदीले पनि आज बन्सत पञ्चमी अनि सरस्वती पूजाको अवसरमा देशवासीलाई शुभकामना दिनु भएको छ। यस अवसरमा पश्चिम बंगालका राज्यपाल सीवी आनन्द बोसले सबैलाई बसन्त पञ्चमीको शुभकामना व्यक्त गर्नुभयो।

**कन्याश्री मेला**

आज बसन्त पञ्चमीको अवसरमा जलपाईगढी जिल्लाको राजगञ्ज ब्लकको आमबाड़ी चिन्तामोहन हाई स्कूलमा कन्याश्री मेला आयोजना गरियो। राजगञ्जका विधायक खगेश्वर रायले मेलाको उद्घाटन गर्नुभयो। मेलामा विद्यार्थीहरू आफ्ना हस्तनिर्मित वस्तुहरू लिएर आएका थिए। मेलामा विद्यार्थीहरूको उत्साह हेर्न लायकको थियो। मेलामा मोठ 15 वटा स्टल राखिएको छ। जहाँ विज्ञान मोडेल प्रदर्शनीए चित्र प्रदर्शनीका साथै विद्यार्थीहरूले बनाएका विभिन्न खाद्य स्टलहरू राखिएको छ। विद्यालयको यो पहललाई स्थानीय जनताले प्रशंसा गरिरहेका छन्।

**शुभेन्दु अधिकारी-सरस्वती पूजा**

बंगाल विधानसभामा विपक्षी नेता शुभेन्दु अधिकारीले उच्च अदालतको निर्देशनमा कडा पुलिस सुरक्षाबीच कोलकाताको योगेश चन्द्र चौधरी कलेजमा भइरहेको सरस्वती पूजाको आलोचना गर्दै मोहम्मद युनुसको बंगलादेश र ममता ब्यानर्जीको बंगालमा कुनै अन्तर नरहेको बताउनु भएको छ। दुवै स्थानमा पूजाको लागि कडा सुरक्षाको आवश्यक परिरहेको उहाँले बताउनु भयो। मुख्यमन्त्रीले बंगलादेशको नक्कल गर्दै सशस्त्र बलको सुरक्षामा पश्चिम बंगालमा पूजाको परम्परा सुरू गर्नुभएको अधिकारीले भन्नु भएको छ। उहाँले अझ भन्नु भएको छ- योगेश चन्द्र चौधरी कलेज परिसरमा पूजा भइरहेको छ वा आतंकवादी हमला रोक्न अभ्यास भइरहेको छ भन्ने कुरा स्पष्ट छैन। उहाँले यो केवल शुरूवात मात्र हो अझै धेरै कुरा हेर्न बाँकी रहेको मन्तव्य पोख्नु भएको छ।

**उत्तर बंगाल विश्वविद्यालय**

उत्तर बंगाल विश्वविद्यालयसहित राज्यका 17 विश्वविद्यालयका उपकुलपति छनोटका लागि सर्वोच्च अदालतले राज्य सरकार र राजभवनलाई दिएको तीन हप्ताको समय 28 जनवरीमा समाप्त भयो। यी 17 विश्वविद्यालयमध्ये कुनैमा पनि उपकुलपति

छनोटमा सहमति हुन सकेन। अब सबैको नजर 5 फरवरीमा सर्वोच्च अदालतमा हुने यस मुद्दाको अर्को सुनुवाइमा केन्द्रित छ। 5 फरवरीमा सर्वोच्च अदालतले यस विषयमा निश्चित रूपमा केही फसेला गर्ने सबैले विश्वास गरिरहेका छन्। उत्तर बंगाल विश्वविद्यालयको आधिकारिक सूत्र  अनुसार राज्य सरकार र राजभवनबीच एनबीयूको उपकुलपतिबारे कुनै सहमति नभएको बेला  5 फरवरीको दिन सर्वोच्च अदालतमा हुने सुनुवाइमाथि सबैले अपेक्षा साँचेका छन्।

**बजट प्रतिक्रिया**

दार्जीलिङको गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन, जीटीए तथा सिलगढ़ी, तराई डुवर्सका मानिसहरूले केन्द्रीय आम बजटको स्वागत गरेका छन्। बजटमा आयकर छूट १२ लाख रुपियाँ गरिएकोमा मध्यम वर्गका सबै मानिसहरू तथा नोकरी पेशा गर्ने कर्मचारीहरूकले धेरै खुशी व्यक्त गरेका छन्। सरकारी वा निजी नोकरी गर्नेहरूले १२ लाख रुपियाँ अनि थप ७५ हजार रुपियाँको छूट पाउने छन्। साधारणतः मानिसहरूले आफनो प्रतिक्रिया व्यक्त गर्दै ७ लाख देखि एकैचोटि १२ लाखसम्मको आयकर छूट अप्रत्याशित रहेको बताएका छन्। यतिको ठूलो आयकर छूटको कल्पना कसैले नगरेको बताएका छन्। सिलगढ़ीका एक नामी चाटार्ड एकाउन्टेन्ट जी.एस होराले बजटमा व्यवसायी, किसान, श्रमिक उद्यमी सबैको ख्याल राखिएको भन्दै आम मानिसहरूले यसको स्वागत गरेको बताउनु भयो। उहाँले डिजिटलाइजेशनले धेरै सुविधा प्रदान गरेको भन्नुभयो। उहाँले अझ भन्नुभएको छ–

बाइट– ***जी.एस होरा***

यस बजटमा भारतीय भाषाहरूलाई टेवा दिने सरकारको योजनाको स्वागत खरसाङ कलेजका प्रधानाचार्य डा. समीर बल भन्नुहुन्छ–

बाइट– ***डा. समिर बल***

**शहीद गोल्ड कप फूटबल**

खरसाङको चानमारीमा खेलिएको १२ औं शहीद कप फूटबल फाइनल दार्जीलिङ यूनाइटेड एफ.सी–ले जितेको छ। आज खेलिएको दार्जीलिङ यूनाइटेड एफ.सी–ले दार्जीलिङ पुलिसलाई २–१ गोलले पराजित गरयो।

****** ० ******